नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.:-

## विज्ञप्ति

मिति २०८०/४/१४ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६६औं बैठक बसी खाद्यान्न आपूर्तिको सहज व्यवस्थापन, डेंगी,लम्पी स्किन नियन्त्रण तथा प्रतिकार्य लगायतका विषयमा छलफल भयो।

छलफलको क्रममा संघीय सरकार स्थानीय सरकार र निजी क्षेत्र समेतको सहकार्यमा छिटो भन्दा छिटो सेवा दिन सक्ने गरी ३ दिन भित्र कार्ययोजना बनाई लम्पी स्किन विरुद्धको खोपको व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कार्यान्वयन गर्ने/गराउने,स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेंगी रोग फैलिन नदिन प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा व्यापक रुपमा जनचेतनामूलक सन्देश प्रवाह गर्ने तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सहयोग र सहजीकरणमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संयुक्त बजार अनुगमनका लागि सूचना सङ्कलन, प्रविधिको प्रयोग, जनशक्ति परिचालनलाई अझ प्रभावकारी बनाउने, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बजारमा खाद्य उपलब्धताको सुनिश्चितता गर्न सरकारी र निजी क्षेत्रको सहभागितामा उपलब्ध गोदाम समेत प्रयोग गरी आवश्यक खाद्यान्न भण्डारणको व्यवस्थापन गर्ने सम्बन्धमा श्रीमान् मुख्यसचिवज्यूले निर्देशन दिनु भयो।

उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु लगायत गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कृषि तथा जनसङ्ख्या मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यूहरुको उपस्थिति रहेको थियो।

(नारायण प्रसाद भट्ट)
प्रवक्ता
मिति २०८०/४/१४

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np